# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ३) बुटवल, रूपन्देही, असार १२ गते, २०७६ साल (अतिरिक्ताङ्क २३

# भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

नेपालको संविधानको धारा १७६ बमोजिम प्रदेश नं. ५ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७६ सालको ऐन नं. २१

**आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना:** आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ५ प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "प्रदेश विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन संवत २०७६ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६/७७ को निमित्त प्रदेश सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची - १ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च समेत गरी महल ६ मा उल्लिखित जम्मा रकम रु. ३६,४१,०६,०९,०००।- (अक्षरेपी छत्तीस अर्ब एकचालिस करोड छ लाख नौ हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/७७ को निमित्त अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै अनुदान संकेतमा बचत हुने र कुनै अनुदान संकेतमा नपुग हुने देखिन आएमा आर्थिक

मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संकेतबाट नपुग हुने अनुदान संकेतमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी अनुदान संकेतबाट अर्को एक वा एक भन्दा बढी अनुदान संकेतमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

तर, एउटै अनुदान संकेत भित्रका बजेट शीर्षक/उपशीर्षकहरुमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

पूँजीगत खर्च शीर्षक तर्फ विनियोजित रकम चालु खर्च शिर्षकमा रकमान्तर गर्न सकिने छैन ।

स्थानीय तहका लागि अनुदान संकेत ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संकेतमा रकमान्तर हुने छैन ।

उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदान संकेत ६०२ आर्थिक मामिला तथा योजना मन्त्रालय - विविधमा विनियोजन भएको रकम जुन अनुदान संकेतमा निकासा र खर्च हुने हो सोही अनुदान संकेतमा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. **<u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u>** (१) अनुदान संकेत ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिने छ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिला हुने गरी प्रत्येक आर्थिक

वर्षको भदौ १० गतेभित्र, कार्तिक १० गतेभित्र, माघ १० गतेभित्र र बैशाख १० गतेभित्र गरी चार किस्तामा निकासा गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रत्येक आर्थिक वर्षको कार्तिक ७ गतेभित्र, माघ ७ गतेभित्र, बैशाख ७ गतेभित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको भदौ ७ गतेभित्र पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएमा वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम रोक्का गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिला हुने गरी प्रत्येक आर्थिक वर्षको भाद्र १० गतेभित्र निकासा गर्नेछ ।

(६) स्थानीय तहले सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही क्षेत्रको योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नुपर्दछ ।

(७) उपदफा (५) बमोजिमको सशर्त अनुदान रकमको खर्च भएको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्नेछ । कामको प्रगतिको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले क्रमशः स्थानीय सञ्चित कोषमा निकासा गर्नेछ ।

(८) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपुरक र विशेष अनुदानको रकम हस्तान्तरण गर्नुपर्नेछ ।

(९) सशर्त, समपुरक र विशेष अनुदानको रकम अषाढ मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश संचित कोषमा फिर्ता दाखिल गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण र सशर्त अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

**५. योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकारको सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी एकल खाता कोष प्रणालीमा सम्बन्धित स्थानीय तहको कार्यालयलाई प्रदेश निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम स्थानीय तहको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने निर्णय भएमा स्थानीय तहले सो निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको कार्यसञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

६. **<u>लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः</u>** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च एकाइको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ ।

७. **<u>वित्तीय अनुशासनः</u>** (१) स्थानीय तहले कानून बनाई आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,
(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) प्रचलित संघीय कानून र प्रदेश कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली राख्ने ।

८. **अख्तियारी तथा कार्यक्रम स्वीकृतिः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँडबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रुपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

तर प्रशासनिक खर्च वाहेक प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा विस्तृत रुपमा क्रियाकलाप उल्लेख नभएको कार्यक्रमको हकमा विस्तृत क्रियाकलाप खुलाई २०७६ श्रावण मसान्तभित्र सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टी गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयको सचिवको स्वीकृति लिनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

९. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्यवन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

१०. **बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी बाधा अडकाउ फुकाउन सक्नेछ ।

# अनुसूची - १

## (दफा २ सँग सम्बन्धित)

## नेपालको संविधान बमोजिम

## प्रदेश नं. ५ प्रदेश सञ्चित कोष माथि व्ययभार हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु | पूँजीगत | जम्मा |
| १ | २०२ | प्रदेश सभा | ५१९१ | ० | ५१९१ |
| २ | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - फैसला वा आदेश बमोजिम तिर्नु पर्ने रकम | १००० | ० | १००० |
| जम्मा | | | ६१९१ | ० | ६१९१ |

## अनुसूची — २

## (दफा २ र ३ सँग सम्बन्धित)

## प्रदेश नं. ५ प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम

रु. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान संकेत | शीर्षकको नाम | चालु | पुँजीगत | जम्मा |
| १ | २०२ | प्रदेश सभा | २८०४९४ | ४६०८९ | ३२६५८३ |
| २ | २१६ | मुख्य न्यायधिवक्ता | १५२६७ | ७२६० | २२५२७ |
| ३ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १८४८२४ | ४८३४५ | २३३१६९ |
| ४ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ११८९३७ | ४०६६५ | १५९६०२ |
| ५ | ३०७ | उद्योग,पर्यटन, वन तथा वातावरण मन्त्रालय | १३५२०३१ | १५३६०८० | २८८८१११ |
| ६ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ३७९८०२९ | २७८५६० | ४०७६५८९ |
| ७ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ३४२२४६ | ४६५८२० | ८०८०६६ |
| ८ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९७१५०४ | १४८७०४०५ | १५८४१९०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | ३५० | सामाजिक विकास मन्त्रालय | ३५८०९९८ | ८११२२८ | ४३९२२२६ |
| १० | ६०२ | आर्थिक मामिला तथा योजना मन्त्रालय - विविध | २८००००० | ४७२०२७ | ३२७२०२७ |
| ११ | ८०१ | स्थानीय तह समानीकरण अनुदान | ५००००० | ० | ५००००० |
| १२ | ८०१ | स्थानीय तह सशर्त अनुदान | १३८९८०० | ० | १३८९८०० |
| १३ | ८०१ | स्थानीय तह समपुरक अनुदान | १५००००० | ० | १५००००० |
| १४ | ८०१ | स्थानीय तह विशेष अनुदान | १०००००० | ० | १०००००० |
| | **जम्मा** | | **१७८३४१३०** | **१८५७६४७९** | **३६४१०६०९** |

प्रमाणीकरण मितिः २०७६/०३/१२

**आज्ञाले,**
**केशवराज आचार्य**
**प्रदेश सचिव**